लुङ्ग्री गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बडाचौर, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल ।

पत्र संख्याः २०८०/०८१
सूचना नम्बरः- ७६

मितिः २०८१।०२।१८

**आ.व. २०८१/०८२ को वार्षिक नीति कार्यक्रम तथा बजेटका लागि राय सुझाव संकलन सम्बन्धी सूचना !**

"पूर्वाधार, कृषि र पर्यटनः समृद्ध लुङ्ग्रीको मुख्य साधन" भन्ने मूल नारालाई आत्मसाथ गर्दै लुङ्ग्री गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८१/०८२ को वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमाको तयारीमा लागेको व्यहोरा जानकारी गराउँदछौं ।

नेपालको संविधानद्वारा स्थानीय तहलाई प्रदत्त अधिकार, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघीय र प्रादेशिक कानूनहरू, दिगो विकासका लक्ष्य, स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन लगायतका मार्गदर्शनका रूपमा लिई गाउँपालिकाको आवश्यकता, स्रोत साधनको उपलब्धता र संस्थागत क्षमताका आधारमा आ.व. २०८१/०८२ को वार्षिक नीति, कार्यक्रम तथा बजेट तयार गर्नुपर्ने भएको हुनाले उक्त प्रयोजनार्थ मिति २०८१/०२/२४ गते भित्र आगामी नीति तथा कार्यक्रम र बजेटमा समेट्नु पर्ने विषयहरूको बारेमा रचनात्मक राय-सुझाव प्रदान गर्नुहुन सम्पूर्ण राजनैतिक दल, नागरिक समाज, पेशाकर्मी, व्यवसायी, शिक्षक, कर्मचारी, विद्यार्थी, सरकारी तथा गैर-सरकारी संघ-संस्थाका पदाधिकारी, संचारकर्मी एवम् स्वदेश तथा विदेशमा रहनुहुने गाउँपालिकावासी आमा बुवा, दाजु भाई, दिदी बहिनी तथा सम्पूर्ण सरोकारवालाहरूमा हार्दिक अनुरोध गर्दछौं ।

**राय सुझाव पठाउने विधि**

| | |
|---|---|
| ईमेल | lungrimun@gmail.com |
| फेसबुक | www.facebook.com/lungrimun |
| सम्पर्क नं. | ९८५७८७१३११ (योजना तथा अनुगमन शाखा) |
| | ९८५७८७१३१४ (सूचना प्रविधि शाखा) |
| Google Form | https://forms.gle/G9PRonQHEBMcNTpQ8 |

भरत कुमार थापा
गाउँपालिका अध्यक्ष